स्थानीय राजपत्र

कालिञ्चोक गाउँपालिकाद्वारा प्रकाशित

वर्ष १ आषाढ १० गते, २०७५ साल ( अतिरिक्ताङ्क-४

भाग २

कालिञ्चोक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, सुनखानी, दोलखा

प्रदेश नं. ३, नेपाल

# "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धि कार्यविधि

गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०७५/०३/१०

**प्रस्तावनाः**

स्थानीय स्तरको विकास निर्माणमा निजि क्षेत्रको ज्ञान र विशेषज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मुलभुत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारिता, जवाफदेहिता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजि क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी कालिञ्चोक गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**(१) इजाजत पत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुनेः**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम इजाजत पत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

**(२) नयाँ इजाजत पत्र सम्वन्धि व्यवस्था :**

२.१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजत पत्रको लागि यस कालिञ्चोक गाउँपालिकाको कार्यालयमा प्रमुख प्रशासकिय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

२.२) उपदफा २.१ बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकिय अधिकृतले अनुसूची-५ बमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिविल इन्जिनियर/सव इन्जिनियर सहित सदस्य भएको समितिबाट जाँचबुझ गराउनुपर्नेछ ।

२.३) उपदफा २.२ बमोजिमको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकिय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको बैठकमा पेश गर्नु पर्ने छ ।

२.४) उपदफा २.२ बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय बमोजिम गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतले इजाजतपत्र बापत अनुसूची -२ बमोजिमको दस्तुर लिई निजलाई अनुसुची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

(३) **इजाजतपत्रको अवधि र नवीकरण:**

३.१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्या व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य हुनेछ ।

३.२) उपदफा (३.१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त कर चुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनिको दर्ता नविकरण सहित सम्वन्धित गाउँपालिकाबाट अनुसुची-२ बमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची-४ बमोजिमको पासबुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्ने पर्ने छ । यसरी अनुसूची-४ बमोजिमको पास बुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न गाउँपालिका बाध्य हुने छैन ।

३.३) उपदफा (३.२) बमोजिमको म्याद नाघेको ६ महिना भित्र सबै प्रक्रिया पुरा गरी इजाजत पत्र नविकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकिय अधिकृतले इजाजत पत्र नविकरण गरि दिनेछ ।

४) **इजाजत पत्रको खारेजी:**

४.१ ) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र आरेज गर्न सक्नेछ:

क) झुट्टा विवरण पेश गरी इजाजत पत्र प्राप्त गरेको प्रमाणित भएमा,

ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपार सरकार तथा संगठित संस्थामा झुट्टा विवरण पेश गरेको सम्बन्धित निकायबाट लेखी आएमा,

ग) सार्वजनिक निकायसँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायबाट लेखी आएमा,

४.२) उपदफा ४.१ बमोजिम इजाजत पत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिव माफिकको मौका दिइनेछ ।

४.३) दफा ३ को उपदफा ३.३ बमोजिमको म्याद भित्र नविकरण नभएको इजाजत पत्र स्वतः खारेज हुनेछ ।

४.४) उपदफा ४.१ वा ४.३ बमोजिम इजाजत पत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्वन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**५) इजाजत पत्रको प्रतिलिपि दिने व्यवस्थाः**

कुनै निर्माण व्यवसायीले इजाजत पत्र हराए वा नासिएको कारणबाट इजाजत पत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूची- २ बमोजिमको दस्तुर लिई इजाजत पत्रको प्रतिलिपि दिनु पर्नेछ ।

**६) प्रचलित कानून बमोजिम हुने :**

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**७) बचाउः**

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का बन्दोबस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजत पत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

| |
|---|
| अनुसूची-१ |
| कार्यविधिको दफा २ को उपदफा (१) सँग सम्बन्धित |
| इजाजत पत्रको लागि दिइने दरखास्त |
| |
| |
| विषय : इजाजत पत्र पाउँ भन्ने बारे |
| |
| श्री ................गाउ |